:०८२-५६०००५
:९८५७८३४५८१(कार्यालय प्रमुख)
:९८५७८६०००५(सुचना अधकारी)

लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य कार्यालय

दाङ

पत्र संख्याः- ०८२/०८३

च.नं.: ३३९

मिति २०८२/१०/०४

विषय :- स्वतः प्रकाशन सम्बन्धमा ।

श्री राष्ट्रिय सुचना आयोग

का.म.न.पा.-१० देबिनगर बानेस्वर, काठमाण्डौ ।

उपर्युक्त बिषयमा यस कार्यालयबाट आ.ब. २०८२/०८३ दोश्रो त्रैमासिक (कार्तिक देखि पौष) मा सम्पन्न गरिएका कार्यहरु सुचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ को उपदफा ३ र ४ बमोजिम तोकिएको ढाँचामा तयार गरि स्वतः प्रकाशन गरिएको बिबरण यसै पत्रसाथ संलग्न राखि पठाइएको ब्यहोरा अनुरोध छ ।

मेघराज पौडेल
नि. कार्यालय प्रमुख

नि. कार्यालय प्रमुख

बोद्धार्थ-
श्री स्वास्थ्य मन्त्रालय राप्ती उपत्यका (देउखुरी), दाङ, नेपाल ।
श्री स्वास्थ्य निर्देशनालय राप्ती उपत्यका (देउखुरी), दाङ, नेपाल ।
श्री जिल्ला प्रशासन कार्यालय, दाङ ।
श्री जिल्ला हुलाक कार्यालय, दाङ ।

Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

स्वास्थ्य कार्यालय

दाङ

सुचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम स्वतः प्रकाशन गर्नुपर्ने बिबरण

आ.ब. २०८२/०८३ को दोश्रो त्रैमासीक (कार्तिक - पौष)

१) निकायको स्वरुप र प्रकृतिः स्वास्थ्य कार्यालय दाङ

स्वास्थ्य कार्यालय, लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय अन्तर्गत रहेकोस्वास्थ्य सम्बन्धी गतिविधिहरू सञ्चालन र व्यवस्थापन गर्ने तथा स्थानीय तहसंग समन्वय, सहजीकरण, सहयोग एवम् तोकिए बमोजिम प्रदेश स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयको निर्देशनमा भए अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने एक सरकारी निकाय हो।

२) निकायको काम, कर्तव्य र अधिकार

- स्वस्थ बासिन्दाहरूको विकास गर्ने उद्देश्यले स्वास्थ्य सम्बन्धी गतिविधिहरू सञ्चालन र व्यवस्थापन गर्ने।
- स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालय मातहत कार्यालयको रुपमा रही प्रदेश र स्थानीय तहसंग समन्वय, सहजीकरण, सहयोग एवम् तोकिए बमोजिम प्रदेशको निर्देशन भए अनुसार कार्यक्रमहरु कार्यान्वयन गर्ने।
- जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरू मार्फत प्रवधनात्मक रोकथाम र उपचारात्मक स्वास्थ्य सेवाहरूको उचित वितरण सुनिश्चितता कायम गर्ने।
- समग्र जिल्लाको स्वास्थ्य अवस्था सुधार तथा प्रवर्द्धन रखोप कोल्डचेन व्यवस्थापनको कार्यगर्ने।
- विभिन्न रोगहरुको रोकथाम, निवारण र गुणस्तरीय उपचारात्मक सेवाको पहुच बढाउन स्थानीय तहसंग समन्वय, सहजीकरण, र प्राविधिक सहयोग पुर्याउनु।

३) निकायमा रहने कर्मचारी दरबन्दी संख्या र कार्य विवरण

- स्थायीदरवन्दी तर्फ (१५) जना, कार्यरत कर्मचारी १४, रिक्त संख्या १ र करार सेवामा कार्यरत १
- करार सेवा तर्फस्वीकृत (२) जना,कार्यरत २ जना
- छात्रबृत्ति करार सेवा तर्फ कार्यरत १ जना

२०८२/१०/०४

Scanned with CamScanner

दरवन्दी तेरिज र पदपुर्तिको अवस्था

क्र. सं.	पद	सेवा	समुह	तह	दरवन्दी संख्या	रिक्त संख्या	पदपुर्ति संख्या
१	ब./जनस्वास्थ्य प्रशासक	स्वास्थ्य	हे.ई.	९/१०	१	-	१
२	ब./जनस्वास्थ्य अधिकृत	स्वास्थ्य	हे.ई.	७/८	१	१	-
३	तथ्याङ्क अधिकृत	आ.यो.त.	तथ्याङ्क	७/८	१	-	१
४	सुपरभाईजर/ हे.अ.वा सो सरह	स्वास्थ्य	हे.ई.	५/६/७	३	-	३
५	पब्लिक हेल्थ नर्स	स्वास्थ्य	क.नर्सिङ	५/६/७	१	-	१
६	ल्याब टेक्निसियन	स्वास्थ्य	मे.ल्या.टे.	५/६/७	१	-	१
७	अधिकृत प्रशासन	प्रशासन	सा.प्रशासन	५/६/७	१	-	१
८	अधिकृत लेखा	प्रशासन	लेखा	५/६/७	१	-	१
९	मलेरिया ईन्सपेक्टर	स्वास्थ्य	हे.ई.	४/५/६	१	-	१
१०	कोल्डचेन सहायक	स्वास्थ्य	हे.ई.	४/५/६	१	-	१
११	कार्यालय सहयोगी	प्रशासन	सा.प्रशासन	श्रेणी बिहिन	२	-	२
१२	हलुका सवारी चालक	ईन्जिनियर	मे.ई.	श्रेणी बिहिन	१	-	१

I. कार्यालय प्रमुख

- स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालय मातहत कार्यालयको रुपमा रही प्रदेश र स्थानीय तहसंग समन्वय, सहजीकरण, सहयोग एवम् तोकिए बमोजिम प्रदेशको निर्देशन भए अनुसार कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।
- जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरू मार्फत प्रवधनात्मक रोकथाम र उपचारात्मक स्वास्थ्य सेवाहरूको उचित वितरण सुनिश्चितता कायम गर्ने तथा समग्र जिल्लाको स्वास्थ्य अवस्था सुधार तथा प्रवर्द्धन र खोप कोल्डचेन व्यवस्थापन गर्ने गराउने ।
- आफ्नो कार्यालयबाट भए गरेका कामहरुको अद्यावधिक रेकर्डराख्ने, मुल्याँकन गर्ने तथा नियमित रुपमा प्रगत्ति विवरण तयार गर्ने, गराउने र सम्बन्धित निकायसँग समन्वय गरी आफ्नो कार्यालयको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, गराउने।
- आफू मातहतका कर्मचारीहरुलाई नेतृत्व प्रदान गर्ने, कामको बाँडफाँड गरिदिने तथा ती कर्मचारीहरुको कामको सुपरिवेक्षण, अनुगमन तथा मूल्याँकन गर्ने। प्रत्यायोजित अधिकार बमोजिम अधिनस्थ कर्मचारीहरुको विदा स्वीकृत गर्ने।
- प्रत्यायोजित अधिकार बमोजिम अधिनस्थ कर्मचारीहरुको कार्य सम्पादन मूल्याँकन तयार गर्ने र प्रोत्साही पुरस्कार, एफिसियन्सी वारपार, तथा आवश्यक कारवाही गर्ने वा गर्न सिफारिस सहित सुपरिवेक्षकमा पेश गर्ने।
- स्वास्थ्य क्षेत्र सम्बन्धि आवश्यक पर्ने तालिम आदिको पहिचान गरी संचालन गर्ने, गराउने।

२०८१।१०।०८

Scanned with CamScanner

II. खोप शाखा

- खोप तथा सरसफाई प्रबर्द्धन सम्वन्धी स्वास्थ्यकर्मिहरुको क्षमाता अभिबृद्धि गर्ने।
- खोप तथा सरसफाई प्रबर्द्धन शेसनको स्थलगत अनुशिक्षण तथा अनुगमन गर्ने ।
- खोप तथा सरसफाई प्रबर्द्धन कार्यक्रमलाई प्रभावकारीरुपमा सन्चालन गर्नको लागी संघ, प्रदेश, स्थानीय तह र अन्य गैरसरकारी संस्थाहरुसँग समन्वय तथा सहजीकरण गर्ने।
- निर्माण कार्यमा निर्माण पुर्ण खोप सुनिश्तता तथा दिगोपनाको लागी खोज र खोप अभियानलाई प्रभावकारी रुपमा संचालन गर्ने
- निर्माण खोप सम्वन्धी राष्ट्रिय अभियानहरु संचालन गर्ने।
- खोपबाट बचाउन सकिने रोगहरुको खोजपडताल शंकास्पद बिरामीहरुको नमुना संकलन अनुसन्धान, निगरानी तथा प्रतिबेदन गर्ने।

III. तथ्याकं शाखा / स्वास्थ्य व्यवस्थापन शाखा

- दाङ जिल्ला सबै स्थानिय तहहरुमा पालिका स्तरीय DataManagement तथा बार्षिक र अर्ध बार्षिक समिक्षा गोष्ठी तथा अन्य कार्यक्रमहरुमा सहजीकरण र सहयोग गर्ने।
- स्वास्थ्यका सबै कार्यक्रमहरुको तथ्यांक HMIS/DHIS-2 मा सहि data समयमै अभिलेख र प्रतिबेदन गर्न सहयोग र सहजीकरण गर्ने।
- स्वास्थ्यकर्मीहरुलाई HMIS/DHIS-2सम्बन्धि तालिम संचालन गरी गुणस्तरीय अभिलेख र प्रतिबेदन पद्धतिको विकास हुने।
- स्वास्थ्यका सबै कार्यक्रमहरुको Data Verification र data Error हरु पत्ता लगाई सच्याउन सहजिकरणर सहयोग गर्ने।

IV. क्षयरोग/कुष्ठरोग शाखा:

- क्षयरोगतथा कुष्ठरोग कार्यक्रम तथा विरामीको निदान,उपचार व्यवस्थापनमा र रोकथाम कार्यमा सहजिकरण गर्ने।
- क्षयरोगतथा कुष्ठरोग कार्यक्रमको लागि औषधि तथा अभिलेख र प्रतिबेदन गर्ने सामाग्रीहरुको व्यवस्थापन गर्ने।
- क्षयरोग र कुष्ठरोग सम्बन्धितालिम तथा समिक्षा गोष्ठी कार्यक्रम संचालन र स्थलगत अनुशिकक्षण गर्ने।
- क्षयरोगविरामीहरको अभिलेख र प्रतिबेदन DHIS-2 र eTBमा व्यवस्थापन गर्ने।
- क्षयरोग र कुष्ठरोगका विरामीहरुको खोजपड्ताल गर्न ScreeningCamp संचालन गरी विरामी पत्ता लगाई उपचारमा ल्याउने।

V. पोषण शाखा:

- सबै किशोर किशोरी, गर्भवती, सुत्केरी र बालबालिकाहरुमा पोषण संबन्धि सचेतना फैलाउने र स्वस्थ र निरोगी बनाउन आवश्यक औषधिहरुको व्यवस्थापन गर्ने।
- सबै स्थानिय तहहरु संग पोषण कार्यक्रमको समिक्षा गोष्ठी गरी तथ्यांक व्यवस्थापन र समस्याहरु समाधान गर्न योजना बनाई कार्यवन्यन गर्ने।

२०८२।१०।०४

Scanned with CamScanner

- किशोरीहरूमा Iron&FolicAcid को उपभोग बढाउन अभिमुखीकरण कार्यक्रम तथा औषधिको व्यवस्थापन गर्ने।
- कुपोषित बालबालिकाहरुको निदान,उपचार व्यवस्थापनमा र रोकथाम गर्न तालिम तथा स्थलगत अनुशिकक्षण कार्यमा सहजिकरण गर्ने।
- पोषणसम्बन्धि दिवसहरु मनाउने।

VI. पब्लिक हेल्थ नर्सिङ शाखा

- कार्यक्रम संचालन निर्देशिका अनुसार बार्षिक स्वीकृत कार्यक्रमहरुको कार्ययोजना बनाई निर्धारित मिति, स्थान र समयमै आफ्नो जिम्मेवारीकासाथ कार्यक्रमहरु सम्पन्न गर्ने।
- प्रजनन स्वास्थ्य कार्यक्रम अन्तरगत सुरक्षित मातृत्व, परिवार नियोजन, किशोर किशोरी र महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रमहरुको सहजिकरण, अनसाइट कोचिङ, क्षमाता बिकास तालिम, समिक्षा, अभिमुखिकरण सहयोगात्मक अनुगमन तथा पृष्ठपोषण दिने कार्यक्रम सन्चालन गर्ने।
- संघ, प्रदेश र स्थानीय तहसँगको समन्वय तथा आफ्नो कार्यालयका कर्मचारीहरुको समन्वय र सहकार्यमा विभिन्न कार्यक्रम सन्चालन गर्ने।
- स्थानीय तह अन्तर्गतका प्रजनन् स्वास्थ्य कार्यक्रमहरुमा सहजिकरण, अनसाईट कोचिङ, वार्षिक तथा अर्धबार्षिक समिक्षामा सहयोग, स्वास्थ्य संस्थाहरुबाट गरिएका कार्यहरुको सहयोगात्मक अनुगमन तथा पृष्ठपोषण दिने कार्य गर्ने।

VII. प्रयोगशाला शाखा

- मलेरिया, कालाजार, जापानिज ईन्सेफ्लाईटिस र डेङ्गु जस्ता रोगहरुको परिक्षण तथा नमुना संकलन गरि परिक्षणको लागी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला र प्रदेश जनस्वास्थ्य प्रयोगशालाहरुमा पठाउने।
- स्थानीय तहका प्रयोगशालाको गुणस्तर जाँच तथा प्राबिधिक सहयोग गर्ने।
- क्षयरोगको पहिचानको लागी खकार नमुनाको जाँच गर्ने र थप गुणस्तर जाँचको लागी प्रदेश जनस्वास्थ्य प्रयोगशालामा पठाउने।
- संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त केमिकल तथा प्रयोगशाला किटलाई स्थानीय तहका प्रयोगशालाहरुमा आबश्यकताको आधारमा वितरण गर्ने।
- संघ र प्रदेश सरकारबाट प्राप्त प्रयोगशाला सम्वन्धी कार्यक्रमहरु संचलन तथा सोको प्रतिबेदन गर्ने।

VIII. महामारी तथा किटजन्य शाखा

- किटजन्य रोगको अनुसन्धान तथा केश बेश सर्भिलेन्स गर्ने।
- स्थानीय औलो रोगी भेटिएमा बिरामीको बासस्थान भएको क्षेत्रमा फोकाई अनुसन्धान तथा फोकाई फ्लोअप गर्ने।
- औलो रोगको परिक्षण तथा उपचारको लागी स्थानीय तहको समन्वय र सहकार्यमा निशुल्करुपमा परिक्षण किट तथा औषधी उपलब्ध गराउने।

Scanned with CamScanner

- औलो, कालाजार, डेङ्गु, हैजा र जापानिज ईन्सेफ्लाईटिस जस्ता माहामारी जन्य रोगहरुको पहिचान गरि नियन्त्रणमा समन्वय गर्ने र रोग फैलिन नदिने ।
- महामारी फैलिएको प्रमाणिकरण भएमा RRT टिमको नेतृत्व गर्ने र पालिकासँग समन्वय गरी RRT टिम परिचालित गर्ने गराउने ।
- महामारीको लागी आबश्यक पर्ने अत्याबश्यक औषधीहरु सुचि तयार गरी वफर स्टक राख्ने ।

IX. कोल्डचेन व्यवस्थापन शाखा

- खोप तथा खोपजन्य सामाग्रहीहरुको मौज्दात नियमितरुपमा अध्यावधिक गरी आबश्य मात्रामा माग, प्राप्ती तथा वितरण गर्ने ।
- खोपको कोल्डचेन व्यवस्थापनका लागी खोपलाई निर्धारित तापक्रममा भण्डारण गर्ने ।
- कोल्डचेन कोठा तथा कोल्डचेन सामाग्रीहरुको (रेफ्रिजेरेटर, फ्रिजर, कोल्ड बक्स तथा आईस प्याकहरु) नियमित रेखदेख तथा मर्मतसम्भार गर्ने ।
- खोप सुपरभाईजर तथा कार्यालय प्रमुखबाट तोकिएका कोल्डचेन सम्वन्धी र अन्य कामकाज गर्ने ।

X. प्रशासन तथा जिन्सी व्यवस्थापन शाखा

- स्वीकृत दरवन्दी अनुसार कर्मचारीहरुको पदपुर्ती भए नभएको एकिन गर्ने, सोको विवरण तयार गर्ने, र लोक सेवा आयोगमा माग गर्ने ।
- कर्मचारीहरुको सरुवा, बढुवा, नियुक्ति, काज सजाय, प्रोत्साही पुरस्कार, तक्मा, अवकाश तथा हाजिरी, विदा र पदस्थापन आदि सम्बन्धमा आवश्यक ब्यवस्था गर्ने ।
- कर्मचारीको संख्या अनुसार बजेट ब्यवस्थाको लागि आर्थिक प्रशासन शाखामा पठाउने ।
- कार्यालयको चल अचल सम्पत्तिको वैज्ञानिक ढंगले अभिलेख राख्ने । साथै महत्वपुर्ण अभिलेख तथा कागजातहरु सुरक्षित राख्ने ब्यवस्था गर्ने ।
- कार्यालयको प्रशासनिक कामको दैनिक विवरण तयार पारी निरीक्षणको आधारमा अधिकार पालन गर्ने गराउने ।
- कार्यालयको तर्फबाट आवश्यक पत्राचार गर्ने ।
- कार्यरत कर्मचारीहरुको विवरण अद्यावधिक राख्ने ।

XI. आर्थिक प्रशासन शाखा

- कार्यालयको आर्थिक प्रशासन सम्बन्धी दैनिक कार्यहरु गर्ने ।
- मन्त्रालय, महाशाखा तथा शाखहरुलाई आवश्यकता अनुसार आर्थिक राय, सल्लाह उपलब्ध गराउने ।
- कर्मचारीहरुको औषधी उपचारको रकमको ब्यवस्था गर्ने र निवृत्तिभरण तथा उपदान सम्बन्धी काम गर्ने
- विकास बजेटको तर्जुमा गर्न सहयोग पुर्याउने तथा रकमान्तरको ब्यवस्था गर्ने ।

२०८२।११।०८

Scanned with CamScanner

४) निकायबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :-

- संलग्न नागरिक बडापत्रमा उल्लेख भए अनुसार

५) निर्णय गर्ने प्रक्रिया र अधिकारी

- सहभागितात्मक रुपमा कार्यालय प्रमुखबाट निर्णय हुने।

६) निर्णय उपर उजुरी सुन्ने अधिकारी

- कार्यालयको सेवा प्रवाह संबन्धमा कार्यालयको गुनासो सुन्ने अधिकारीले उजुरी सुन्ने।

७) सूचना अधिकारी र प्रमुखको नाम र पद

- सूचना अधिकारी :- अधिकृत लेखा प्रेम प्रकाश खड्का (मो. ९८५७८६०००५)

८) यस त्रैमासीकमा सम्पादन गरेका मुख्य मुख्य कामको बिवरण:-

- जेष्ठ नागरिक घरमै उपचार सेवा कार्यक्रम स्थानीय तहको समन्वयमा यस अवधिमा स्थानीय स्वास्थ्य संस्थाहरुबाट ३००३ जना जेष्ठ नागरिक तथा क र ख बर्गका अशक्त अपाङगहरुलाई सेवा दिएर रु.१०१८२५०।० खर्च भएको छ।
- सामुदायिक बिद्यालयका किशोर किशोरीहरुको रक्तअल्पता परिक्षण तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत यस अवधिमा बिभिन्न पालिकाका बिभिन्न बिद्यालयका १० देखि १९ बर्षसम्मका ४५९९ जना किशोरीहरुको रक्तअल्पता परिक्षण तथा सो को अभिमुखिकरण गरि रु. ७३०२०७।० बजेट खर्च भएको छ।
- किशोर किशोरी तथा परिवार कल्याण कार्यक्रम अन्तर्गत दाङ जिल्लाका सबै १० वटै पालिकामा निशुल्क परिवार नियोजन स्थायी बन्ध्याकरण शिबिर तथा लामो अवधिको अस्थायी परिवार नियोजन साधन राख्ने शिविर सन्चालन गरि ५२ जनाले सेवा लिएका छन र रु.५६८४४१।० बजेट खर्च भएको छ।
- आ.व.२०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार खोप सम्वन्धि २ दिने पुनर्ताजगी तालिम कार्यक्रम ४९ जना स्वास्थ्यकर्मीहरुलाई २ लटमा सम्पन्न गरि रु. २८४९५०।० बजेट खर्च भएको छ।
- पोषण बिशेष कार्यक्रमको तथ्याकं बिश्लेक्षण तथा अन्तरक्रिया कार्यक्रम स्वास्थ्य संस्थाहरुमा कार्यरत पोषण फोकल पर्सनहरु ३७ जनालाई ३ दिनसम्म सन्चालन गरि रु.२०४१५०।० बजेट खर्च भएको छ।
- आ.व.२०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार खोप तथा सरसफाई सम्वन्धि सुक्ष्म योजना निर्माण तथा तालिम कार्यक्रम स्थानीय तह अन्तर्गत स्वास्थ्य संस्थाहरुमा कार्यरत १५२ जना स्वास्थ्यकर्मीहरुलाई ४ लटमा सम्पन्न गरि रु. ८७६५७७।० बजेट खर्च भएको छ।
- जे.ई. सर्भिलेन्स र रक्त नमुना संकलन गरि नेपालगन्ज पठाईएको साथै स्वास्थ्य शिक्षा कार्यक्रम सन्चालन
- PAMS V 2 मा ELMIS सन्चालन समवन्धी स्थलगत अनसाईट कोचिङ तथा अभिमुखिकरण ६ वटा पालिकामा सम्पन्न गरिएको छ।

Scanned with CamScanner

- आ.व. २०८२/०८३ मा २७ वटा निजि पोलिक्लिनिक तथा स्वास्थ्य संस्थाहरुको अनुगमन निरक्षण गरि नया दर्ता र नबिकरणको प्रमाण पत्र प्रदान गरिएकोछ ।
- १० वटै पालिकाका स्वास्थ्य शाखा प्रमुखहरुसंग मासिक बैठक सन्चालनको शुरुवात गरिएकोछ ।
- कार्यालयमा रहेको गत बिगत देखिको बेरुजु फर्स्यौटको लागी असुल गर्नुपर्ने बेरुजु रकम रु.१३७७७०।४० मध्ये ८०९७०।४० असुल गरि र नियमित गर्नुपर्ने बेरुजु रकम रु.३२८३४२४।०९ मध्ये १८६०९०८।०९ असुल गरि तथा प्रमाण जुटाई नियमितको लागी महालेखा परिक्षकको कार्यालयबाट दाङमा आएको मलेप डोर समक्ष पेश गरिएको छ
- जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति अन्तर्गत भाडा निर्धारण उपसमितिको बैठक बसी दाङ जिल्लबाट सन्चालन हुने एम्बुलेन्सको भाडा दररेट निर्धारण गरि जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति समक्ष पेश गरिएको छ ।
- स्वास्थ्य कार्यालयहरु मार्फत स्थानीय तहहरुको Data Verification तथा Validation एवं गुणस्तर सुधार कार्य गर्नको लागी DHIS 2, HMIS सम्वन्धी ३ दिने नया तथा पुनर्ताजगि तालिम कार्यक्रम ५६ जना DHIS 2, HMIS मा संलग्न स्थानीय तहका स्वास्थ्यकर्मीहरुलाई तालिम सन्चालन गरि रु. २७३४५०।० बजेट खर्च भएको छ
- बिद्यालय केन्द्रित खोप कार्यक्रम अन्तर्गत HPV खोप बिद्यालयमा सन्चालन गर्ने प्रयोजनार्थ १० वटै पालिकाका स्वास्थ्य शाखा प्रमुख खोप फोकल पर्सन र शिक्षा शाखा प्रमुख गरि ३० जनालाई HPV खोप सम्वन्धी सुक्ष्म योजना तयारी र सो को छलफल गोष्ठी मिति २०८२/०९/३० गते सम्पन्न गरिएको छ ।
- प्रदेश भित्र बसोबास गर्ने बिपन्न असहाय तथा सबै नागरिकहरुलाई स्वास्थ्य उपचारमा सहजताको लागी गम्भिर ४ प्रकारका रोगहरुको रु. दुई लाख सहयोगको लागी निर्देशनालयमा ६२ जनालाई सिफारिश गरि पठाइएको छ ।

९) ऐन, नियम, विनियम, निर्देशिकाको सूची

नेपालको सविधान २०७२

स्वास्थ्यसेवा ऐन २०५३

स्वास्थ्य सेवा नियमावली, २०५५

निजामती सेवा ऐन, २०४९

निजामती सेवा नियमावली २०५०

आर्थिक कार्याविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६

आर्थिक कार्याविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७.

भ्रमण खर्च नियमावली, २०६४

सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली २०६४

सूचनाको हकसंबन्धी ऐन, २०६४ र सूचनाको हकसंबन्धी नियमावली, २०६५

२०८२/१०/०४

Scanned with CamScanner

१०) आम्दानी, खर्च तथा आर्थिक कारोवार र प्रगती सम्बन्धी विवरण :-

- २०८२ श्रावण देखि २०८२ पौष मसान्त सम्मको

ब.उ.शि.नं.	कार्यक्रमको नाम	बिनियोजन बजेट	जम्मा खर्च	प्रगति प्रतिशत
३७००१०१३३	स्वास्थ्य कार्यालयहरु चालु	१४५४५०००	७१०८७४०	४८.८७
३७००१०१३४	स्वास्थ्य कार्यालयहरु पुँजिगत	२०००००	१२८३००	६४.१५
३७०९११३१३	परिवार कल्याण कार्यक्रम संघ शर्सत	१७४७४०००	३३६७९०७	१९.२७
३७०९११२४३	स्वास्थ्य व्यवस्थापन कार्यक्रम संघ शर्सत	१५४००००	४६१०७८	२९.९४
३७०९११२७३	उपचारात्मक सेवा कार्यक्रम संघ शर्सत	१६०००००	०	
३७०९११३२३	महामारी रोग नियन्त्रण कार्यक्रम संघ शर्सत	८६१०००	६२००	०.७२
३७००००१२३	एकिकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रम	११८७५०००	२०६६३७६	१७.४०
३७०९११२०३	क्षयरोग नियन्त्रण कार्यक्रम संघ शर्सत	१६११०००	४०१२४०	२४.९०
३७०९११२८३	नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कायक्रमसंघ शसर्त	२४४६०००	०	
३७०९११२५३	राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रसंघ शसर्त	३०००००	०	
३७०९११३५३	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम संघ शर्सत	५४२२०००	२३३४०२४	४३.०४
३७०९११३०३	अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रमसंघ शसर्त	५४५०००	२३१६५	४.२४
३७०९११२१३	एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रम संघ शर्सत	२१००००	१००००	४.७६
जम्मा		५,८६,२९,००००	१,५९,३६,७३०	२७.१८

- बिभिन्न शिर्षकबाट प्राप्त राजस्व रु. २८९२९११।९०

११) तोकिए बमोजिमका अन्य बिवरण:-

- छैन

१२) सार्वजनिक निकायको वेबसाइट भए सोको बिवरण :-

- छैन।

१३) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समयावधि :-

२०८२।१०।०४

Scanned with CamScanner

* छैन।

१४) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिइएको विषय :-

* छैन

१५) कार्यालयको नागरीक वडापत्र

क्र. सं.	सेवाको प्रकार	प्रक्रिया	सेवा प्राप्त गर्न लाग्ने शुल्क/दस्तुर	समय	जिम्मेवार शाखा
१.	आन्तरिक प्रशासनसम्बन्धी कार्य (प्रशासनिक, व्यवस्थापन)	दर्ता चलानी/आन्तरिक प्रशासन	तोकिए बमोजिम	कार्यालय समय	प्रशासन शाखा
२.	आर्थिक प्रशासन सम्बन्धी कार्य	ऐन, नियममा तोकिए बमोजिम	तोकिए बमोजिम	कार्यालय समय	आर्थिक प्रशासन शाखा
३.	तालुक निकाय, जिल्लास्थित कार्यालयहरु र स्थानीय तहहरुबिच समन्वय	बैठक, कार्यशाला, गोष्ठी, अनुगमन, सुपरिवेक्षण	निःशुल्क	निरन्तर	कार्यालय प्रमुख तथा कार्यक्रमगत विभिन्न शाखा
४.	महामारी रोग नियन्त्रण कार्यक्रम, भेक्टर सर्भिलेन्स र विपद तथा महामारी व्यवस्थापन	जानकारी भएपश्चात् प्रमाणीकरण, रोकथाम नियन्त्रण कार्यमा नेतृत्व, समन्वय र सहकार्य	कार्य सञ्चालन निर्देशिकामा तोकिए बमोजिम	तुरुन्तै	महामारी/रोग नियन्त्रण तथा विपद व्यवस्थापन शाखा र प्रयोगशाला शाखा
५.	जनस्वास्थ्य कार्यक्रम (बाल स्वास्थ्य, परिवार स्वास्थ्य, रोग नियन्त्रण, विशेषज्ञ स्वास्थ्य सेवा/शिविर आदि) सञ्चालन तथा सहयोग, समन्वय र सहजीकरण गर्ने कार्य	कार्यक्रम सञ्चालन निर्देशिकामा उल्लेख भए बमोजिम	निःशुल्क	तोकिएको अवधिभित्र	कार्यक्रमगत विभिन्न शाखा
६.	समुदाय केन्द्रित स्वास्थ्य प्रबर्धन तथा जनस्वास्थ्य कार्यक्रमका राष्ट्रिय अभियान सञ्चालन सहजीकरण	कार्यक्रम सञ्चालन निर्देशिकामा उल्लेख भए बमोजिम	निःशुल्क	तोकिएको अवधिभित्र	कार्यक्रमगत विभिन्न शाखा
७.	तथ्याङ्क विश्लेषण, योजना तर्जुमा तथा पृष्ठपोषण	स्वास्थ्य सूचनाको विश्लेषण, अध्ययन गरी विभिन्न आवधिक समीक्षाबाट योजना तर्जुमा गर्न सकिने	निःशुल्क	निरन्तर	योजना, अनुगमन तथा तथ्याङ्क शाखा
८.	औषधी तथा खोप लगायत स्वास्थ्य सामग्रीहरुको भण्डारण/वितरण	माग फाराम/हस्तान्तरण फाराम/दाखिला फाराम	निःशुल्क	तुरुन्तै	प्रशासन शाखा र बाल स्वास्थ्य, खोप तथा कोल्डचेन शाखा
९.	सरकारी, निजी र सहकारीद्वारा सञ्चालित स्वास्थ्य संस्थाहरुको गुणस्तर व्यवस्थापन सम्बन्धी कार्य	नियमित अनुगमन	निःशुल्क	निरन्तर	कार्यालय प्रमुख तथा कार्यक्रमगत विभिन्न शाखा

२०८२/१०/०८

Scanned with CamScanner

१०.	संस्थागत तथा जनशक्तिको प्राविधिक क्षमता अभिवृद्धि	स्थलगत अनुशिक्षण, तालिम, गोष्ठी, अनुगमन, सुपरिवेक्षण	निःशुल्क	निरन्तर	कार्यक्रमगत विभिन्न शाखा
११.	क्षयरोग र औलोको प्रयोगशालाजाँच साथै गुणस्तर सुनिश्चितताका लागी स्लाईड संकलन तथा जाँच एवम् खानेपानीको गुणस्तर परिक्षण तथा अनुगमन	कार्यक्रम सञ्चालन निर्देशिकामा उल्लेख भए बमोजिम	निःशुल्क	निरन्तर	प्रयोगशाला शाखा एवम् कार्यक्रमगत विभिन्न शाखा
१२.	स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार	जनस्वास्थ्य समस्याहरुको रोकथाम तथा स्वास्थ्य प्रवर्धन सम्बन्धी सामग्रीहरु प्रकाशन, प्रसारण तथा अभियान सञ्चालन	निःशुल्क	निरन्तर	कार्यक्रमगत विभिन्न शाखा
१३.	सूचना प्रवाह	सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा उल्लेख भए बमोजिम	ऐन, नियममा तोकिए बमोजिम	कार्यालय समय	सूचना अधिकारी
१४.	बहुक्षेत्रीय समन्वय सहजीकरण सम्बन्धी कार्यहरु	मौखिक वा लिखित	निःशुल्क	निरन्तर	कार्यालय प्रमुख तथा कार्यक्रमगत विभिन्न शाखा
१५.	स्वास्थ्य बिमा कार्यक्रम सहजीकरण	ऐन, नियममा उल्लेख भए बमोजिम	ऐन, नियममा तोकिए बमोजिम	निरन्तर	कार्यक्रमगत विभिन्न शाखा
१६.	निजी स्वास्थ्य संस्था (स्वास्थ्य क्लिनिक, पोलिक्लिनिक, डेन्टल क्लिनिक, फिजियोथेरापी सेवा)संचालन अनुमति तथा नियमन	निर्देशिकामा उल्लेख भए बमोजिम	ऐन, नियममा तोकिए बमोजिम	निरन्तर	प्रशासन शाखा
१७	एम्बुलेन्स संचालनका लागि सिफारिस तथा नियमन	निर्देशिकामा उल्लेख भए बमोजिम	ऐन, नियममा तोकिए बमोजिम	निरन्तर	प्रशासन शाखा
१८	सुझाव संकलन तथा गुनासो व्यवस्थापन	विभिन्न निकाय र व्यक्तिबाट प्राप्त गुनासो संकलन	निःशुल्क	निरन्तर	गुनासो सुन्ने अधिकारी
१९	प्रदेश सरकारवाट जारी प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा (क्यान्सर, मुटुको भल्व फेर्ने, मृगौला प्रत्यारोपण) का लागि सिफारिस	प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका २०८१ मा उल्लेख भए बमोजिम	निःशुल्क	निरन्तर	जिम्मेवार प्राप्त विभिन्न शाखा

२०८२/१०/०८

Scanned with CamScanner

तालुक निकायः-स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेश राप्ति उपत्यका देउखुरी दाङ

सम्पर्क नम्बर :- ०८२-४०२१३२

ईमेल ठेगाना :-mohp.lumbini@gmail.com

कार्यालय प्रमुखः श्री ठग बहादुर गुरुङ

सम्पर्क मोबाइल नं.: ९८५७८३४५८१

सूचना अधिकारी : प्रेम प्रकाश खड्का

सम्पर्क मोबाइल नं.: ९८५७८६०००५

गुनासो सुन्ने अधिकारी : शरद कुमार घिमिरे

सम्पर्क मोबाइल नं.: ९८४७८२०३८८

ईमेल ठेगाना :-hodang@lumbini.gov.np

Scanned with CamScanner